नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

## प्रेस विज्ञप्ति

यस नेपाल स्टक एक्सचेञ्ज लिमिटेड व्यवस्थापनको मिति २०७७/११/०७ को निर्णयानुसार मिति २०७७/११/१६ देखि लागु हुने गरी केही सूचीकृत कम्पनीको समूह विभाजनमा हेरफेर तथा नयाँ समूहको व्यवस्था गर्नुका साथै सोही अनुरुप समूहगत परिसूचक गणना थालिएको छ।

हाल नेप्सेमा सूचीकृत कम्पनीको संख्या २१८ छ। यी कम्पनीहरुलाई ११ समूहमा विभाजन गरी समूहगत परिसूचक गणना गरिदै आएकोमा उप्रान्त 'लगानी' समूह थप गरी १२ वटा समूहका समूहगत परिसूचक कायम गरिएको छ। परिवर्तीत व्यवस्था अनुसार आगामी दिनमा नेप्सेले 'म्युचुअल फन्ड', 'सेन्सेटिभ', 'सेन्सेटिभ फ्लोट' र समग्र बजार परिसूचक 'नेप्से' गरी १६ वटा परिसूचक गणना र प्रकाशन गर्नेछ।

निर्णय अनुसार साबिकको 'अन्य' समूहमा रहेका ८ वटा कम्पनीमध्येबाट ४ वटा कम्पनीलाई 'लगानी' समूहमा राखी नयाँ समूह बनाइएको छ। यस्तै साबिकको होटल्स् समूहको नाम परिवर्तन गरी 'होटल्स तथा पर्यटन' समूह बनाइएको छ र यसमा चन्द्रागिरि हिल्स लिमिटेडलाई समावेश गरिएको छ।

नयाँ व्यवस्थाबाट समूह विभाजन र परिसूचक गणनामा थप स्पष्टता आई बजार सम्बन्धी सूचना विश्लेषण गर्न सरोकारवालालाई सहज हुने विश्वास नेप्सेले लिएको छ।

लगानी समूहमा राखिएका कम्पनी

| SN | Company Name | Symbol |
|---|---|---|
| 1 | Citizen Investment Trust | CIT |
| 2 | Hydroelectricity Investment and Dev. C. Ltd | HIDCL |
| 3 | Nepal Infrastructure Bank Limited | NIFRA |
| 4 | NRN Infrastructure and Development Limited | NRN |

होटल्स तथा पर्यटन समूहमा राखिएका कम्पनी

| SN | Company Name | Symbol |
|---|---|---|
| 1 | Oriental Hotels Limited | OHL |
| 2 | Soaltee Hotel Limited | SHL |
| 3 | Taragaon Regency Hotel Limited | TRH |
| 4 | Yak And Yeti Hotel Limited | YHL |
| 5 | Chandragiri Hills Limited | CGH |

मिति: २०७७/११/१४

मुराहरि पराजुली
प्रवक्ता

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755-59, 4250734-35 Fax: 4262538/Toll Free No. : 16600125025
website : www.nepalstock.com/ www.nepalstock.com.np
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.